# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः १३ मितिः २०७७/१२/१२

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको ऐन नं. २**

# गौमुखी गाउँपालिका संस्था दर्ता ऐन, २०७७

**गाउँ सभाबाट स्वीकृत मितिः २०७७।१०।२८**

**प्रस्तावनाः**

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्विक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने कार्यमा त्यस्ता संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र संसोधित दफा ११ को उपदफा ४ को (३) (ठ) ले दिएको अधिकार प्रयोग गरी गौमुखी गाउँपालिकाले यो ऐन जारी गरी लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **गौमुखी गाउँपालिका संस्था दर्ता ऐन, २०७७** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) **"ऐन"** भन्नाले गौमुखी गाउँपालिका संस्था दर्ता ऐन, २०७७ सम्झनु पर्छ।

(ख) **"संस्था"** भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्विक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एंव विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउने छ।

(ग) **"स्थानीय अधिकारी"** भन्नाले गौमुखी गाउँ कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(घ) **"कार्य समिति"** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ।

(ङ) **"न्यायिक समिति"** भन्नाले नेपालको संविधानमा ब्यवस्था भए बमोजिम गौमुखी गाउँपालिको न्यायिक समिति सम्झनु पर्छ।

(च) **"कार्यपालिका"** भन्नाले गौमुखी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(छ) **"स्थानीय सरकार"** भन्नाले गौमुखी गाउँपालिका सम्झनु पर्छ।

(ज) **"नेपाल ऐन"** भन्नाले कुनै संस्था दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा बनेको अर्को संघीय वा प्रदेश ऐन सम्झनु पर्छ।

(झ) **"अन्तराष्ट्रिय गैरसरकारी संस्था"** भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ।

(ञ) **"दातृ निकाय"** भन्नाले सामाजिक आर्थिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्दछ।

(ट) **"विधान"** भन्नाले यो ऐन अनुसार स्थापित हुने संस्था सञ्चालनको निमित्त निश्चित प्रक्रियाहरु तोकिएको विधान सम्झनु पर्छ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः** (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि गौमुखी गाउँपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न हुदैन।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन साथै यस दफाको प्रतिकुल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ।

**४. संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले आवश्यक्ता अनुसार पदाधिकारी राखि संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुनु पर्नेछ।

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) कार्य समितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको प्रमाणित विधान (कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा गाउँसभाले तोकेबमोजिको संस्था दर्ता शुल्क लिई स्थानीय अधिकारीले संस्था दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिनेछ।

(४) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र गाउँपालिका अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम उजुरीमा गाउँपालिका अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएमा स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ।

५. **संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमतिलिई बेचबिखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ।

६. **संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट कानून बमोजिम फिर्ता लिई संस्थालाई बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको काम कारबाहीबाट चित्त नबुझ्ने पक्षले प्यूठान जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संसथाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

७. **अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्नेः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम गौमुखी गाउँपालिका क्षेत्रमा केन्द्रिय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएका र हाल गौमुखी गाउँपालिका क्षेत्रमा कार्य गर्न चाहने सबै संस्थाहरुले गाउँपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी ऐनको दफा ४ को उपदफा (१) बमोजिम निवेदन दिई स्थानीय अधिकारीबाट शाखा दर्ता प्रमाण पत्र प्राप्त गर्न सक्नेछन्। यसरी शाखा प्रमाण पत्र प्राप्त गरेपछि मात्र गाउँपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ।

८. **संस्थाको उद्देश्यमा हेरफेरः** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ।

९. **हिसाबको विवरण र प्रतिवेदन सहित नविकरण गर्नुपर्नेः** (१) दर्ता भएका संस्थाहरुले बार्षिक रुपमा प्रत्येक आर्थिक वर्षको आश्विन महिना भित्र नविकरण दस्तुर बुझाई अनिवार्य नविकरण गराउनु पर्नेछ।

(२) नविकरणको लागि दिईने निवेदनमा कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण नेपाल सरकारद्वारा मान्याता प्राप्त लेखा परीक्षणको प्रतिवेदन र प्रगति प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नविकरण नगराएमा तोकिए बमोजिमको जरिबाना शुल्क सहित नविकरण दस्तुर बुझाई नविकरण गराउनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि तीन आर्थिक वर्ष सम्म पनि नविकरण नगराउने संघसंस्थाको नविकरण नभई स्वतः खारेज हुनेछ।

(५) उपदफा (४) बमोजिम खारेज भएको संस्थाको पुनः नविकरण गर्न खारेज भएको मितिले तीस दिन भित्र उचित कारण सहित निवेदन दिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

१०. **हिसाब जाँच गर्नेः** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ।

(३) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य तथा कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सारन गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो

पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनु पर्नेछ।

**११. निर्देशन दिन सक्ने**ः स्थानीय सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**१२. दण्ड र सजाय**ः (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम शाखा नखोलि संस्था सञ्चालन गरर्मा त्यस्ता संस्थाका कार्य समितिको सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) दफा ९ को उपदफा (२) बमोजिम हिसाबको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय रुपैयासम्म जरिबाना गर्न सक्नेछ।

तर कुनै सदस्यले हिसाबको विवरण पठाउन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गरेमा निजलाई जरिवाना गर्ने छैन।

(३) दफा ९ को उपदफा (३) बमोजिम बार्षिक नविकरण नगर्ने संस्थाले प्रतिवर्ष शत प्रतिशत नविकरण दस्तुर तिरी तीन आर्थिक वर्षभित्र नविकरण गराउन सक्नेछन। तीन आर्थिक बर्ष सम्ममा पनि नविकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिनेछन्।

(४) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले जनही पाँचसय रुपैयासम्म जरिबाना गर्न सक्नेछ।

(५) दफा ८ को उपदफा (१) र (२) बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्य हेरफेरु गरेमा वा अर्को संस्थामा गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा दफा ११ बमोजिम स्थानीय सरकारले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ।

**१३. पुनरावेदन**ः दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन लाग्नेछ।

**१४. संस्थाको विघटन र त्यसको परिणाम**ः (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा स्थानीय सरकारमा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व स्थानीय सरकारले व्यहोर्नेछ।

**१५. नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेः** (१) कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्वन्धमा अर्को संघीय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र यकिन हुनेछ।

(२) स्थानीय सरकारमा दर्ता भएको संस्था यसको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशिल हुनेछ।

**१६. खारेजी र बचाउः** (१) यस ऐनमा उल्लेख गरिएका व्यवस्था संघीय कानून वा प्रादेशिक कानून संग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

(२) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता गरी यस गाउँपालिकाको भौगोलिका कार्यक्षेत्रभित्र सञ्चालनमा रहेको संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र सो को यस गाउँपालिकाको कार्यालयमा अनिवार्य अभिलेखीकरण गर्नु पर्नेछ।

(३) यस ऐनको दफा वा उपदफाहरु गाउँसभाले आवश्यक्ता बमोजिम खारेज वा संशोधन गर्न सक्नेछ।

(४) यस ऐनको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका बनाई लागु गर्ने पूर्ण अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

# अनुसूची-१
## (दफा ४ को उपदफा (१) संग सम्बन्धित)
## संस्था दर्ता गर्नको लागि पेश गर्ने निवेदनको नमूना

मितिः- ............................

श्रीमान प्रमुख प्रशाकीय अधिकृत ज्यू,
गौमुखी गाउँ कार्यपालिकाको कार्यालय,
पुजा, प्यूठान।

**विषयः- संस्था दर्ता गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं. ............... को ............................ टोलमा स्थापना गरिएको ............................................... संस्थालाई गौमुखी गाउँपालिकाको कार्यालयमा दर्ता गरि दिनु हुन अनुरोध गर्दछु। यस संस्थाको विधान र आवश्यक अन्य कागजात यसै निवेदन साथ संलग्न गरिएको छ।

निवेदक

.............

अध्यक्षको नामः- ............................
प्रस्तावित संस्थाको नामः- .................
ठेगानाः- .......................................

(क) सम्बन्धित वडाको सिफारिस
(ख) कार्यसमितिका सदस्यहरुको नाम र ठेगाना
(ग) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि र फोटो
(घ) संस्थाको प्रमाणित विधान

अनुसूची-२

(दफा ४ को उपदफा (३) संग सम्बन्धित)

संस्था दर्ता प्रमाण पत्रको नमूना

# गौमुखी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पुजा, प्यूठान

लुम्बिनी प्रदेश

दर्ता नं. ...............                                                            मितिः- ........................

## संस्था दर्ता प्रमाण-पत्र

गौमुखी गाउँपालिका वडा नं. ....... स्थित .......................................... टोलमा स्थापना भएको ....................................................... संस्थालाई गौमुखी गाउँपालिका संस्था दर्ता ऐन, २०७७ को दफा ४ बमोजिम यस कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरीएको छ।

*"यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन लगायतका क्षेत्रमा संस्थाको शक्रिय सहभागिताको अपेक्षाको साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।"*

................................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

राजिब पन्थी

प्रमुख प्रशासकीय अधिकृत